बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी (ब.सु.प)
लुम्बिनी प्रदेश, नेपाल

प.सं: ०८३/०८४
च.नं: 9053

मिति: २०८३/०७/१९

विषय: पूर्व निर्मित भवन अभिलेखिकरण वन्द गर्ने सम्बन्धमा ।

श्री वडा कार्यालयहरु (१ देखी १६ सम्म सबै)
बर्दघाट नगरपालिका

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गत रहेका पुराना घरहरूको निरन्तर रुपमा अभिलेखिकरण गर्ने भनि मिति २०८१/०३/२७ मा भएको नगरसभाको नि. नं ११ वमोजिम यस कार्यालयबाट च. नं २९८ मिति २०८१/०४/३१ को पत्रमार्फत जानकारी गराइएकोमा शहरी विकास मन्त्रालय सिंहदरवार काठमाण्डौको च. नं.३ २४७५ मिति २०८३/०१/२३ र भूमि व्यवस्था, सहकारी तथा सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४४ मिति २०८३/०२/०४ को पत्रमा सबै स्थानीय तहमा राष्ट्रिय भवन संहिताको अनिवार्य रूपमा कार्यान्वयन हुन, असुरक्षित र नियम विपरितका भवनहरूलाई अभिलेखिकरण गर्ने कार्य तत्काल रोक्न सबै स्थानीय तहहरूलाई परिपत्र गर्ने भनि भएको निर्णय तत्काल कार्यान्वयनको लागि परिपत्र भई आएको छ ।

उल्लिखित परिपत्र अनुसार यस कार्यालयमा हालसम्म अभिलेखिकरणको लागि नियमानुसार मापदण्डभित्र रहि दर्ता भएका तथा कामकारवाही अगाडि नबढेका फाइलहरू ९० दिनभित्र सम्पन्न गर्ने गरी अभिलेखिकरण कार्य हाललाई वन्द गर्ने भनि मिति २०८३/०७/१९ को नगर कार्यपालिकाको कार्यालयबाट निर्णय भएको वेहोरा जानकारीको लागि अनुरोध छ ।

(ऋषिराम भुसाल)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

सादर अवगतार्थ
- श्रीमान् नगर प्रमुखज्यू
- श्रीमान् नगर उपप्रमुखज्यू

बोधार्थ
- श्री सूचना तथा प्रविधि शाखा- वेबसाइडमा अपलोड गरी सबैलाइ जानकारी गराउने ।